# सबैको लघुवित्त वित्तीय संस्था लि.
**Sabaiko Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय :
बन्दिपुर-१, डुम्रे, तनहुँ,
फोनः ०६५-५८०४०७
इमेलः info@sabaikolaghubitta.com


# पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८ मंसिर ८ गते)

श्री शेयरधनी महानुभावहरु,

मिति २०७८ मंसिर ७ गते बसेको सञ्चालक समितिको ९७ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

मिति : २०७८ पुष ३ गते शनिबार (तदनुसार १८ डिसेम्बर, २०२१)

समय : बिहान ११:०० बजे

स्थान : बन्दिपुर माउन्टेन रिसोर्ट, बन्दिपुर, तनहुँ ।

**छलफलका बिषयहरुः**

**(क) सामान्य प्रस्तावहरुः**

१) सञ्चालक समितिको तर्फबाट समितिका अध्यक्षज्यूले पेस गर्नुहुने आ.व.२०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७८/७९ को बाह्य लेखापरीक्षण कार्यको लागि संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७७/७८ सम्मको संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु. २०,६०,२७,२५०/ को १.६३ प्रतिशतले हुन आउने रकम रु. ३३,६६,९८६/८४ (अक्षरेपी तेत्तिस लाख छयसठ्ठी हजार नौ सय छयासी रुपैयाँ र पैसा चौरासी मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर वापतको रकम) वितरण गर्न स्वीकृत गर्ने ।

५) यस वित्तीय संस्थाको सञ्चालक समितिमा संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरुः**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.ब. २०७७/७८ सम्मको संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु. २०,६०,२७,२५०/ को ३१.०५ प्रतिशतले हुन आउने रकम रु.६,३९,७२,७५०/०० (अक्षरेपी छ करोड उनन्चालिस लाख बहत्तर हजार सात सय पचास रुपैयाँ मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने । साथै बोनस शेयर जारी पश्चात् कायम हुन आउने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्नेगरी यथावत राख्ने प्रस्ताव पारित गर्ने ।

२) यस वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को उपदफा (ख) र (ग) संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३) यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त अन्य "घ" वर्गका कुनै एक वा एक भन्दा बढी वित्तीय संस्थाहरु एक आपसमा गाभ्न गाभिन (Merger) वा प्राप्ति (Acquisition) गर्ने वा शाखा खरिद गर्न समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रचलित कानून तथा निर्देशनहरु अनुरुप गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पूरा गरी अन्तिम स्वीकृति लिई कार्यान्वयन गर्ने तथा सो सम्बन्धमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने लगायत आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समिति वा समितिले तोकेको ब्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४) वित्तीय संस्थाको प्रवन्धपत्रमा गरिएको प्रस्तावित संशोधनमा नियमनकारी निकायले कुनै संशोधन वा परिमार्जन वा फेरवदल गर्न सुझाव वा निर्देशन दिएमा प्रचलित कानूनको अधिनमा रही सो अनुरुप यस वित्तीय संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन/परिमार्जन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**ग. विविधः**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारीः

१. पाँचौ वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७८ मंसिर १७ गतेदेखि २०७८ पौष २ गतेसम्म वित्तीय संस्थाको शेयर दाखिल खारेजको काम बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७८ मंसिर १६ गतेसम्म कारोवार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा प्राप्त विवरणको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र यस सभामा भाग लिन, मतदान गर्न, बोनस शेयर तथा नगद लाभांश पाउन योग्य हुनेछन् ।

२. पाँचौ साधारणसभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आइदिनुहुन अनुरोध छ ।

३. पाँचौ साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका सभा हुने दिन बिहान १०:०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

४. पाँचौ साधारण सभामा स्वयं उपस्थित भई भाग लिन नसक्ने र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले रीतपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बन्दिपुर-१, डुम्रे, तनहुँमा दर्ता गरिसक्नु पर्नेछ । प्रतिनिधि नियुक्त गरिने ब्यक्ति यस संस्थाको शेयरधनी हुनुपर्नेछ ।

५. नाबालक तथा असक्त शेयरधनीहरुको हकमा यस वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम उल्लेख भएका व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि नियुक्त गर्न सक्नेछन् ।

६. यस वित्तीय संस्थाको सञ्चालक समितिमा संस्थापक शेयरधनी समूहको तर्फबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ र सो सम्बन्धी सूचना वार्षिक साधारण सभा हुनुभन्दा १५ (पन्ध्र) दिन अगाडि संस्थाको केन्द्रीय कार्यालयमा प्रकाशित गरिनेछ ।

७. लेखापरीक्षकको प्रतिवेदन सहित संस्थाको पाँचौ वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई यस संस्थाको केन्द्रीय कार्यालय, बन्दिपुर-१, डुम्रे, तनहुँबाट उपलब्ध गराइनेछ । साथै यस संस्थाको वेवसाइट www.sabaikolaghubitta.com बाट समेत प्राप्त गर्न सकिनेछ ।

८. साधारण सभा सम्बन्धमा अन्य थप जानकारीको लागि संस्थाको केन्द्रीय कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनरोध छ ।